कनकाई नगरपालिकाद्वारा प्रकाशित

# कनकाई राजपत्र

खण्डः ३ सङ्ख्याः ०४ प्रकाशन मितिः २०७८/०२/०७

नगरसभावाट स्वीकृत मिति २०७८/०२/०३

## भाग - १

# कृषि विकास तथा प्रवर्द्धन ऐन २०७८

**प्रस्तावनाः** कनकाई नगरपालिकाको छेत्र भित्रको कृषिको ब्यवाशयिकरण गर्न, कृषि व्यवसायको प्रबर्द्दन एवं व्यवस्थापन गर्न, कृषक एवं कृषि व्यवसायी बीच आपसी सम्बन्ध सुध्रिढगर्न तथा कृषि करारको मध्यम बाट उत्पादन बढाउन र बजारीकरणद्वारा व्यवसायिक रुपमा समग्र कृषि बिकासका लागि आवस्यक कानुनि व्यवस्था गर्न बान्छनीय भएकोले, कनकाई नगरसभाले नेपालको संविधानको धारा २२१ तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ बमोजिम कनकाई नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१) संछिप्त नाम र प्रारम्भस् १) यस ऐनको नाम कनकाई नगरपालिकाको “कृषि विकास तथा प्रवर्द्धन ऐन २०७८” रहेको छ।

२) यो ऐन कनकाई नगरसभाबाट पारित भई राजपत्रमा प्रकाशित भएको मितीबाट लागुहुनेछ ।

२) परिभाषा बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा

(क) “प्रमुख” भन्नाले कनकाई नगरपालिकाको प्रमुख सम्झनु पर्छ ।

(ख) “उत्पादक” भन्नाले कृषि वस्तु उत्पादन गर्ने कृषक वा कम्पनी वा कृषि फार्म वा सहकारी उत्पादक सम्झनु पर्छ ।

(ग) “कार्यपालिका” भन्नाले कनर्काइ नगर कार्यपालिका सम्झनुपर्छ ।

(घ) “कोष” भन्नाले यस ऐनको दफा १९ बमोजिम स्थापित कृषि विकास कोषलाई सम्झनु पर्छ ।

(ङ) “कृषक” भन्नाले यस ऐनको प्रयोजनका लागि कसैको जग्गा करारमा लिई वा आफ्नै जग्गामा यावसायिक कृषि खेती गर्ने कृषक, कृषक समूह, कृषि व्यवसायी, कृषि फर्म र कृषि सहकारी समेतलाई सम्झनु पर्छ ।

(च) “कृषि फार्म” भन्नाले व्यवसायिक प्रयोजनको लागि बाली उत्पादनका लागि सञ्चालन गरिएको कृषि फार्म सम्झनु पर्छ ।

(छ) “कृषि बजार” भन्नाले कृषि उपजको ग्रेडिङ, प्याकेजिङ्ग, ढुवानी, भण्डारण, वितरण तथा कृषि उपजको बिक्री वितरण गर्ने कृषि बजार सम्झनु पर्छ ।

(ज) “खुद्रा बजार” भन्नाले कुनै बिक्रेताले उपभोक्तालाई बिक्री गर्ने खुद्रा बजारलाई सम्झनु पर्छ ।

(झ) “थोक बजार” भन्नाले कुनै उत्पादक वा विक्रेताले अर्को विक्रेतालाई कृषि वस्तु बिक्री वितरण गर्ने थोक बजारलाई सम्झनु पर्छ ।

(ञ) “नगरपालिका” भन्नाले कनकाई गरपालिका सम्झनु पर्छ ।

कनकाई राजपत्र

(ट) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले कनकाई नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ।

(ठ) "वडा" भन्नाले कनकाई नगरपालिकाको वडा सम्झनुपर्छ ।

(ढ) "सभा" भन्नाले कनकाई नगरसभालाई सम्झनुपर्छ ।

(ण) "संकलन केन्द्र" भन्नाले कृषकहरुले दोस्रो बजारमा बिक्री गर्ने उद्देश्यले कृषि उपज संकलन गरेर विक्रेतालाई बिक्री गर्ने संकलन केन्द्रलाई सम्झनु पर्छ ।

(त) "हाट–बजार" भन्नाले कृषि उपज लगायत अन्य स्थानीय उत्पादन बिक्री गर्ने उद्देश्यले स्थानीय तहबाट स्वीकृत लिई सञ्चालन भएको हाट बजारलाई सम्झनु पर्छ ।

(थ) "व्यवसायिक कृषि करार" भन्नाले व्यवसायिक कृषि खेती वा कृषि फार्मको सञ्चालन,कृषि वस्तुको व्यावसायिक उत्पादन, खरिद, विक्री, सञ्चय र बजारीकरण गर्न वा कृषि व्यवसाय प्रबद्र्धन गर्न दुई वा सो भन्दा बढी पक्षहरु वीच भएको सम्झौता वा व्यवसायिक कृषि करारलाई सम्झनु पर्दछ । यस शब्दले व्यवसायिक कृषि प्रयोजनको लागि व्यक्तिगत वा संस्थागत रुपमा लिजमा लिन दिन वा कृषिजन्य उद्योगको लागि कृषि वस्तु वा वालीको उत्पादन वा आपूर्ति गर्न दुई वा दुईभन्दा बढी पक्षहरूबीच क्षेत्रफल, परिमाण, मूल्य र गुणस्तरको आधारमा भएको करारलाई समेत जनाउँछ ।

द) "कृषि उत्पादन" भन्नाले अन्न, फलफूल ,तरकारी, मशलाजन्य, जडिबुटी जन्य, दुध तथा दुग्धजन्य, माछा मासु जन्य, उत्पादन साथै अण्डा, चल्ला आदि उत्पादनलाई जनाउने छ ।

ध) "व्यवसायिक" भन्नाले नाफाको उद्देश्यवाट उत्पादन गरिने कृषिजन्य व्यवसायलाई बुझाउनेछ ।

न) "स्थानिय प्रजाति" भन्नाले परम्परादेखि खास जातिवा समुदाय विशेषले संरक्षण गर्दै आएका वंशाणुगत गुण भएका तथा वर्ण शंकर प्रजातिसँग संक्रमण नगरिएका अन्न, तरकारी तथा फलफूल, बाली एवं पशु पन्छी जस्ता वस्तुहरुलाई जनाउनेछ ।

प) "संस्था"भन्नाले समुह, सहकारी, फारम, उद्योग समेतलाई जनाउने छ।

फ) "समिति" भन्नाले नगरपालिका स्तरीय कृषि बिकास समितिलाई बुझ्नु पर्ने छ।

ब) "वडा कृषि समिति" भन्नाले वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्यले नेतृत्व गरेको वडा स्तरको वडा कृषि समितिलाई बुझ्नु पर्ने छ।

भ) स्वरोजगार भन्नाले कृषि कर्ममा आधारित रोजगारीकाम र आम्दानी प्राप्त हुने कार्यलाई बुझ्नु पर्नेछ ।

## परिच्छेद २
## कृषि उत्पादनको बर्गिकरण र व्यवसायीकरण

३. कृषि उत्पादनको बर्गीकरणः–(१) सामान्यतया कृषि उत्पादनलाई देहाय बमोजिम बर्गीकरण गरिनेछः-

(क) अन्न उत्पादनः- सवै प्रकारका अन्नबालीहरु,

(ख) तरकारी उत्पादनः-सवै प्रकारका तरकारीबालीहरु,

(ग) फलफूल उत्पादनः- सवै प्रकारका फलफूलबालीहरु

(घ) माछा उत्पादनः- सवै जातका माछाहरु,

(ङ) अण्डा तथा कुखुराको मासु उत्पादनः-सवै जातकाकुखुरा एवं अण्डा आदि,

(च) पन्छीजन्य उत्पादनः- हाँस, वट्टाई, च्याखूर, कुखुरा, चल्ला, टर्की, अस्ट्रीज, तिगा, आदि ,

(छ) पशुजन्य उत्पादनः- गाई, भैसी, खसी ,बाख्रा, च्यांग्रा ,वंगुर, आदि,

(ज) दुग्धजन्य उत्पादनः- दुध तथा दुधका परिकारहरु,

(झ) मासुजन्य उत्पादनः-मासु जन्य परिकारहरु,

(ञ) जडिबुटि उत्पादनः-सवै प्रकारका जडिबुटिहरु ,

(ट) मसलादार बस्तु उत्पादनः- सवै प्रकारका मशलादार बस्तुहरु ।

(२) माथि दफा (१) बाहेक नगर कार्यपालिकाले समय समयमा निर्णय गरी थप वर्गिकरण गर्न सक्नेछ।

४. कृषिको व्यबसायिकरणः (१) मुनाफा लिने गरी व्यवस्थित रुपमा उत्पादन गरिने कृषि व्यबसायलाई व्यवसायिक कृषि भनिनेछ।

(२) व्यबसायिक कृषिलाई प्रोत्साहन गर्न निम्नबमोजिमकाकार्यहरु गरीनेछ

(क) निःशुल्क तालिम ,

(ख) निःशुल्क कृषि अध्ययन अवलोकन भ्रमण ,

(ग) जमिनको गुणस्तर सूधारमा सहयोग ,



कञ्चनरूप राजपत्र

(घ) सिँचाईको व्यवस्थापन ,
(ङ) आधुनिक कृषि औजार उपकरणमा सहयोग र उपलव्धता ,
(च) वजारीकरणको सहायता र व्यवस्थापन,
(छ) गुणस्तरीय बिउरबिजनको उपलाब्धधता
(ज) जैविक र प्रांगारिक र आधुनिक सबै खाले कृषिको व्यवस्थापन

५. पशुपन्छी जन्य तथा माछा मासु उत्पादन सम्बन्धि व्यवस्था (१) दुष मासु र अन्य प्रयोजनको लागि उत्पादन गरिने पशुहरुका लागि देहाय बमोजिम व्यवथा गर्नुपर्नेछ।
(क) पशुपालक कृषकहरुले गोठ र घासको लागि प्रयाप्त जमिनको व्यवस्था गर्नु पर्नेछ,
(ख) माछापालक कृषकहरुले समुचित मात्रामा पोखरीको व्यवस्था गर्नु पर्नेछ,
(ग) पशुपन्छी तथा माछाको संख्या र परिमाणमा वृद्धि हुदै गएमा गोठ, घास र पोखरीको लागि थप व्यवस्था गर्दै जानुपर्नेछ ।
(२) समय समयमा नगर कार्यपालिकाले तोकेका अन्य व्यवस्थाहरुलाई समेत पालना गर्नु पर्नेछ ।
६. फलफूल तथा अन्नबाली सम्बन्धी व्यवस्था (१) व्यवसायिक रुपमा फलफूल तथा अन्नबालि उत्पादन गर्न चाहने किसानहरुले माटो सुहाउदो पर्याप्त जमिनको व्यवस्था गर्नुपर्नेछ ।

७. जडिबुटी उत्पादन तथा प्रशोधन सम्बन्धि व्यवस्था(१) जडिबुटी उत्पादन तथा प्रशोधन गर्न चाहने किसानहरुले देहाय बमोजिमको व्यवस्था गर्नुपर्नेछ ।
(क) माटो सुहाउदो पर्याप्त जमिनको व्यवस्थापन गर्नुपर्नेछ ,
(ख) नगर क्षेत्र भित्रको सार्वजनिक वा बनको जमिनमा जडिबुटी उत्पादन गर्न पाउने गरी अनुमति पाएमा नगरपालिकाले आवश्यक सहयोग गर्नेछ ।
(ग) जडिबुटी संकलन र प्रशोधन गर्न चाहने किसानहरुको लागि आवश्यक सहयोग गर्नेछ,
(२) समय समयमा नगर कार्यपालिकाले तोकेका अन्य व्यवस्थाहरुलाई समेत पालना गर्नुपर्नेछ ।



स्थानीय राजपत्र

८. पशुपन्छी पालनबाट अरुलाई असर गर्न नहुने (१) पशुपन्छी पालनबाट अरुलाई असर नहुने गरि देहायका व्यवस्थाहरु गर्नु पर्ने छ

(क) पशुपन्छी पालनबाट निस्कने गोबर वा फोहर पदार्थको समुचित व्यवस्थापन गर्नु पर्नेछ,

(ख) पशुपन्छीबाट निस्कने मलमुत्रले दुर्गन्ध हुने भएमा सो व्यवसाय गाउँ नजिक संचालन गर्न पाइने छैन,

(ग) पशुपन्छीलाई छाडा छाड्न पाइने छैन,

(घ) पशुपन्छीहरुबाट आउने आवाजले अरुलाई असर गर्न पाइने छैन,

(ङ) स्वच्छ र सफा वातावरणको निर्माण गरि, अरु कसैलाई असर नपुग्ने गरि पशु पंचिको पालन र व्यवस्थापन गर्नु पर्दछ,

(च) आफु र अरुलाई असर पार्ने गरि अरुको जमिनमा पशु बधशाला र पशु चिहान बनाउन पाइने छैन,

(२) समय समयमा नगर कार्यपालिकाले तोकेको अन्य व्यवस्थाहरुलाई समेत पालना गर्नु पर्नेछल ।

## परिच्छेद ( ३

## स्थानीय प्रजातिको संरक्षण र क्षेत्र निर्धारण

९. स्थानीय प्रजातिको संरक्षणः( (१) स्थानिय प्रजातिको संरक्षणको सम्बन्धमा देहाय बमोजिमको व्यवस्था गरिनेछ ।

(क) स्थानीय प्रजातिका अन्नवालि, तरकारी बाली, बिऊविजन, फलफुल तथा कन्दमूल एवं पशु पन्छीहरुको उत्पादन, संरक्षण र सम्बधनका लागि प्रोत्साहन गरिनेछ ।

(ख) स्थानिय प्रजातिहरुको अध्ययन अनूसन्धानलाई प्रोत्साहीत गरिनेछ ।

(ग) स्थानियप्रजातिहरुको अध्ययन गरिएको भएतिनको संरक्षण गरिनेछ ।

(घ) स्थानिय प्रजातिहरुको सूचीकृत गरी अभिलेखीकरण गरिनेछ ।

(ङ) सूचिकृत गरिएका विषयलाई बौद्धिक सम्पत्तिको रुपमा संरक्षण गरिनेछ ।

(२) समय समयमानगर कार्यपालिकाले सो बाहेक अन्यव्यवस्था समेत गर्न सक्नेछ ।



कानुनपत्र

१०. क्षेत्र निर्धारण र मापदण्डः (१) कृषि उत्पादनको क्षेत्र निर्धारण र मापदण्ड देहाय बमोजिमको हुनेछ ,

(क)कृषि उत्पादनको व्यवसायीकरणको लागि छेत्र निर्धारण गरिनेछ ।

(ख) क्षेत्र निर्धारण निम्न बमोजिम हुनेछ ।

(अ)अन्न उत्पादन क्षेत्र

(१) अन्न उत्पादन क्षेत्र (सुपर जोन)

(२) अन्न उत्पादन विशेष क्षेत्र (जोन)

(३) अन्न उत्पादन व्यवसायिक क्षेत्र (ब्लक)

(४) अन्न उत्पादन (पकेट क्षेत्र)

(आ) फलफूल उत्पादन क्षेत्र

(क) सुपर जोन

(ख) जोन

(ग) ब्लक

(घ) पकेट

(२) सुपरजोन, जोन, ब्लक तथा पकेट क्षेत्र निर्धारण सम्भाव्यता अध्ययन प्रतिवेदनका आधारमा मात्र गरिने छ। सोको क्षेत्रफल संघिय कानुन बमोजिम नगर कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

११. निर्धारित क्षेत्रको लागि सहायता र सहयोग ( (१) नगरपालिकाले निर्धारित क्षेत्रको लागि देहाय बमोजिमको सहायता र सहयोग गर्न सक्नेछ ।

(क) बाटो निर्माण

(ख) बिधुत निर्माण

(ग) सिंचाई निर्माण

(घ) भ्रमण सुबिधा

(ङ) तालिम तथा औजार, उपकरण सहायता र उपलव्धता,

(च) ज्ञान, सीप, प्रविधिको पहुँच तथा विकास,

(छ) अध्ययन अवलोकन तथा भ्रमण,
(ज) प्राविधिक तथा बिशेसज्ञ सेवा,
(झ) माटोको संरक्षण सम्वन्धी सुविधा ।
(२) समय समयमा नगर कार्यपालिकाले सो बाहेक अन्य सहायता र सहयोग गर्न सक्नेछ ।

परिच्छेद (४
कम्पनी वा फर्मको दर्ता तथा खारेजी

१२. दर्ता सम्बन्धी व्यवस्था (१) व्यवसायिक वा सामान्य रुपमा व्यवसाय गर्न चाहने कृषकहरुले नगरपालिकामा प्रचलित कानून र यो ऐनको अधिनमा रही नगर कार्यापालिकाले तोकेको ढाचामा फर्म , कम्पनी वा उद्योग दर्ता गर्न कृषी शाखा प्रमुख समक्ष आवेदन दिनुपर्नेछ ।
(२) दर्ता गर्न आउने फार्म, कम्पनी, उद्योगलाई अधिकार प्राप्त अधिकारीले ७ भित्र आवश्यक जाँचबुझ गरी नगर कार्यापालिकाले तोकेको ढाचामा दर्ता प्रमाणपत्र दिइनेछ ।
(३) दर्ता गर्न नमिल्ने देखिएमा सम्वन्धित व्यक्ति, फर्म, कम्पनीलाई जानकारी गराई नगर प्रमुखलाई वोधार्थ दिनुपर्नेछ ।
(४) पहिला दर्ता भई संचालन भएका फर्म, कम्पनी वा उद्योगले सूचीकृत हुन नगर कार्यापालिकाले तोकेको ढाचामा को ढाचामा आवेदन गर्नु पर्नेछ
(५) सूचीकृत हुन आउने फर्म, कम्पनी वा उद्योगको आवश्यक जाँचबुझ गरी नगर कार्यापालिकाले तोकेको ढाचामा बमोजिम सुचिकृत भएको प्रमाणपत्र दिइनेछ ।

१३. दर्ता खारेजीः (१) देहाय अवस्थामा दर्ता वा सुचिकृत भएको फर्म, उद्योग, वाकम्पनी को दर्ता खारेजी हुनेछ।
९क० बार्षिक नवीकरण गर्नु पर्नेमा ३ बर्ष सम्म नवीकरण नगरेमा

(ख) आम्दानि तथा खर्चको लेखा परिक्षण नगराएमा

(ग) अनुमति लिएको ठाउ वा मापदण्ड बाहिर गई व्यवसाय संचालन गरेमा ।

(२) यस ऐनको व्यवस्था विपरीत कसैले पशुपन्छी उत्पादन तथा व्यवस्थापनको कार्य गरेको भनी कसैको उजुर परेमा वा नगरपालिकालाई जानकारी हुन आएमा ३५ दिनभित्र अनुमति लिएको ठाउमा वा मापदण्ड भित्र रहि वा यस ऐन बमोजिम व्यवसाय संचालन गर्नु भनी लिखित रुपमा आवश्यक निर्देशन दिनु पर्नेछ। सो निर्देशन अटेर गरेमा दर्ता खारेज गर्न सक्नेछ तर दर्ता खारेज गर्नु अघि कारबाहीका क्रममा सफाईको मौका प्रदान गर्नुपर्नेछ ।

१४. पुनरावेदनः (१) दर्ता खारेजी तथा अन्य कारवाहि उपर चित्त नबुझ्ने पक्षले नगर कार्यपालिका समक्ष ३५ दिनभित्र पूनरावेदन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नगर कार्यपालिका गरेको निर्णय अन्तिम हुनेछ ।

## परिच्छेद ५
## कर तथा विघठित फर्म वा कम्पनीको सम्पत्ती सम्बन्धी व्यवस्था

१५. कर नीति (१) व्यवसायिक कृषि उत्पादनका लागी देहाय बमोजिम कर नीति अबलम्बन गरिनेछ (

(क) आयतमा कर छुट ,

(ख) विक्री कर र नाफामा ७५ प्रतिशत सम्म कर छुट ,

(ग) विमाको प्रिमियममा ७५ प्रतिशत अनुदान,

(घ) निःशुल्क पार्किङ्ग सुविधा

(ङ) सिफारीस दस्तुरमा ५० प्रतिशत सम्म छुट,

(२) कनकाई नगरसभा वा कनकाई नगर कार्यपालिकाले समय समयमा कर नीतिलाई परिवर्तन गर्न सक्नेछ।

१६. घाटा नाफा बहन गर्नुपर्नेः ९१० सहकारी संस्था बाहेक अन्य व्यवसायिक फर्म, उद्योग, वा कम्पनीहरु बिगठन हुदा नाफा घाटा सेयर सदस्यले व्यहोर गर्नुपर्नेछ अन्य व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ ।

## परिच्छेद ६
## कृषि बिकास समिति गठन सम्बन्धी व्यवस्था

१७. कृषि बिकास समितिको गठन (१) कृषि क्षेत्रको समग्र विकास तथा प्रवद्र्धन लगायतका कार्य गर्न कनकाई नगरपालिकामा एक स्थानीय कृषि व्यवसाय प्रवद्र्धन समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोमिजका सदस्यहरु रहने छन् ः–

(क) प्रमुख – अध्यक्ष

(ख) कृषि क्षेत्र हेर्ने कार्यपालिकाको सदस्य – सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(घ) नगरपालिका स्तरीय खाद्य सुरक्षा समितिको संयोजक वा प्रमुख – सदस्य

(ङ) समितिले मनोनयन गरेको विज्ञ सदस्य एक जना – सदस्य

(च) समितिले मनोनयन गरेको व्यवसायिक किसानमध्ये एक जना – सदस्य

(छ) नगरपालिकाको कृषि शाखा प्रमुख – सदस्य सचिव

(३) समितिले सम्बन्धित क्षेत्रको विशेषज्ञ तथा अन्य व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(४) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आंपैmले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) समितिले यस ऐनको उद्देश्य कार्यान्वयन गर्न आवश्यकता अनुसार विभिन्न उप–समितिहरु गठन गर्न सक्नेछ ।

(६) दफा (२) बमोजिम गठित समितिले आवश्कता अनुसार प्रत्येक वडामा वडा स्तरमा कृषि समिति गठन गर्न सक्नेछ ।

(७) समितिको सचिवालय नगरपालिकाको कृषि क्षेत्र हेर्ने शाखामा रहनेछ ।

१८. कृषि बिकास समितिको काम, कर्तब्य र अधिकार (१) कृषि बिकास समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिमको हुनेछ ।
(क) नगरपालिकाको लागि सम्पूर्ण कृषि क्रियाकलाप सम्बन्धि योजना निर्माण रकार्यन्वयन गर्ने ,
(ख) नगरपालिका भरी सम्पूर्ण कृषि क्रियाकलापहरु एकद्वार प्रणालीबाट संचालित गर्ने ,
(ग) विभिन्न अन्य दात्री निकाय र सहयोगी संस्थाहरुलाई समिति मातहत संचालन गराउने,
(घ) बैंक खाता संचालन गर्ने र नगरपालिकाको कृषि कार्यक्रमहरु संचालन गर्ने ,
(ङ) संचालित कृषि कार्यक्रमको उपलब्धि तथा समस्याहरु कार्यपालिकामा प्रस्तुत गर्ने ,
(च) संचालित कृषि क्रियाकलापहरु अनुगमन गर्ने ,
(छ) आवस्यकता अनुसार विभिन्न उपसमिति गठन गर्ने र कृषि बिकास सम्बन्धि क्रियाकलपहरुको जिम्मेवारी दिने ,
(ज) कृषि संग सम्बन्धित करार नीतिलाई संचालन गर्ने ,
(झ) नगर कृषि बिकास तथा हितको निमित्त प्रदेश, संघीय सरकार तथा अन्य सम्बन्धित सरोकारवाला संग समन्वय तथा सहकार्य गर्ने ,
(२) कनकाई नगर सभा वा कनकाई नगर कार्यपालिकाले समय समयमा कृषि बिकास समितिको काम, कर्तब्य र अधिकार सम्बन्धि नीतिलाई परिमार्जन गर्न सक्नेछ ।
१९. कोषको व्यवस्था (१) कृषि बिकास समिति संचालन तथा कृषि बिकासका कृयाकलाप संचालनका निमित्त कृषि विकास कोषको व्यवस्था हुनेछ ।
(२) समितिको तर्फबाट गरिने सम्पूर्ण खर्च दफा (१) बमोजिमको कोषबाट गरिनेछ ।
(३) उपदफा (१) बमोजिम गरिने कृषि विकास कोषमा देहाय बमोजिमको रकम समेत जम्मा गरिनेछ:(
(क) संघीय तथा प्रादेशिक सरकारबाट प्राप्त रकम
(ख) नगरपालिकाबाट प्राप्त रकम नेपाल सरकारबाट बिदेसी सरकार, अन्तरास्ट्रिय संघ संस्था, स्वदेशी संघ संस्था, स्थानीय तहमा विनियोजित रकम बापत प्राप्त रकम



कनकाई राजपत्र

(ग) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

२०. कोषको संचालन सम्बन्धि व्यवस्था (१) नगरपालिकाको नीति कानुन तथा निर्देसन बमोजिम कृषि कार्यक्रम तथा कृषि व्यवसाय बिकासका लागि कोषको रकम खर्च गरिनेछ।

(२) समितिको कोषमा रहेको रकम समितिले प्रचलित कानुन बमोजिम कुनै बैंकमा खाता खोलि जम्मा गर्नेछ ।

(३) समितिको कोषको संचालन समितिको अध्यक्ष वा सदस्य सचिव र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

(४) कोषको संचालन सम्बन्धि अन्य व्यवस्था कार्यपालिकाले समय समयमा तोक्न सक्नेछ।

(५) कोषको सचिवालय नगरपालिका अन्तर्गत कृषि शाखामा रहनेछ ।

२१. लेखा परिक्षण (१) कोषको आयब्यको लेखा प्रचलित कानुन बमोजिम राख्नु पर्नेछ।

(२) कोषको लेखा परिक्षण कनकाई नगरपालिकाको आन्तरिक लेखा परिक्षकबाट गरिनेछ।

परिच्छेद ७

स्वोरोजगार कार्यक्रम

२२. स्वरोजगार कार्यक्रम (१) स्वरोजगार कार्यक्रमका लागि देहाय बमोजिमको नीति अबलम्बन गरिनेछ ।

(क) कृषिमा आधारित कृयाकलापका लागि कनकाई नगरपालिकाले स्वरोजगार कार्यक्रम संचालन गर्न सक्नेछ।

(ख) कृषि तथा पशु बिकास कार्यक्रम मार्फत स्वरोजगार कार्यक्रम नगर कृषि बिकास शाखाले संचालन गर्नु पर्नेछ।

(ग) युवा स्वरोजगार कार्यक्रम मार्फत तथा किसान हितका लागि सस्तो ब्याजको कर्जा प्रबाह गरेर कनकाई नगरपालिकाले कृषकलाइ स्वरोजगार हुने कृयाकलाप संचालन गर्न सक्नेछ ।

(घ) आवस्यकता बमोजिम धितो लिने वा धितो नभएकाको हकमा वडा कार्यलयको सिफारिश र कम्तिमा ३ जना छिमेकिको जमानीमा कनकाई नगरपालिकाले कुनै वित्तीय संस्थासंग समन्वय गरेर वा स्व लगानीमा यस प्रकारको स्वरोजगार कार्यक्रम संचालन गर्न सक्नेछ ।

(२) कनकाई नगर सभा वा कनकाई नगर कार्यपालिकाले समय समयमा स्वरोजगार कार्यक्रम संग सम्बन्धि नीतिलाई परिमार्जन गर्न सक्नेछ ।

## परिच्छेद ८

## कृषि ऋण सम्बन्धि व्यवस्था

२३. कृषि ऋणस् (१) कृषि ऋण सम्बन्धि व्यवस्था देहाय बमोजिमको हुनेछ।

(क) कुनै बैंक वा वित्तीय संस्थाले सो संस्थाको नियम बमोजिम वा यस नगरपालिकाको कार्यपालिका संग सम्झौता भए बमोजिम यस नगरपालिकाका कृषकलाइ कृषि ऋण उपलब्ध गराउन सक्नेछ ।

(ख) प्रचलित नेपाल कानुनमा जुनसुकै व्यवस्था लेखिएको भएतापनि यस ऐन बमोजिमको व्यवसायिक कृषि करार सम्बन्धिको सम्झौतालाई धितोको रुपमा स्वीकार गरि कुनै बैंक वा वित्तीय संस्थाले दफा २२ बमोजिमको कामको लागि ऋण उपलब्ध गराउन सक्नेछ।

## परिच्छेद ९

## कृषि बजार सम्बन्धि व्यवस्था

२४. कृषि बजार स्थापना तथा सञ्चालन सम्बन्धि व्यवस्था (१) नगरपालिकाले आफ्नी क्षेत्र भित्रको कुनै पनि स्थानमा कृषि बजारको स्थापना र संचालन गर्न सक्नेछ।

(२) कृषि सम्बन्धि समुह, सहकारी वा व्यवसायिक संस्थाले कनकाई नगरपालिकाको अनुमति लिई कृषि बजारको स्थापना गर्न सक्नेछ ।

(३) यस बमोजिम स्थापना भएको कृषि बजारको संचालन तथा व्यवस्थापन गर्नको लागि कृषि बजार तथा व्यवस्थापन समिति रहनेछ ।



कनकाई राजपत्र

(४) कृषि बजार संचालन तथा व्यवस्थापन गर्नका लागी नगर कार्यपालिकाले आवश्यकता अनुसार कृषि बजार संचालन तथा व्यवस्थापन समितिको गठन गर्न सक्नेछ ।
(५) कृषि बजार संचालन तथा व्यवस्थापन समितिको कार्यविधि नगर कार्यपालिका तोकेबमोजिम हुनेछ ।

२५. कृषि बजारको बर्गिकरण (१) यस ऐनको दफा २४ बमोजिम स्थापना हुने कृषि बजारको बर्गिकरण देहाय बमोजिमको हुनेछ
(क) थोक बजार
(ख) खुद्रा बजार
(ग) हाट बजार
(घ) संकलन केन्द्र
२६. बजार सञ्चालन शुल्क सम्बन्धी व्यवस्था: (१) दफा २४ को उपदफा १ बमोजिम बजार संचालन सम्बन्धि लाग्ने शुल्क नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद १०
## व्यवसायिक कृषि करार र लिज

२७. व्यवसायिक कृषि करार गर्न सकिने (१) यस ऐन बमोजिम कृषि व्यवसायको बिकास गर्न दुइ वा दुइ भन्दा बढी पक्षका बीच व्यवसायिक कृषि करार गर्न सकिनेछ ।
(२) उपदफा (१) बमोजिम करार गर्दा प्रचलित कानुनको अधिनमा रही पक्षहरुको आपसी सहमतिमा बिधुतिय प्रणालीको माध्यमबाट समेत करार सम्झौता गर्न सकिनेछ ।

२८. जग्गा तथा भौतिक साधन उपलब्ध गराउन सकिने (१) कुनै व्यक्ति, संस्था वा निकायले कृषि व्यवसाय गर्ने प्रयोजनका लागि व्यक्ति, कृषि फर्म, कृषि कम्पनि, वा व्यवसायी, कृषक समुह, कृषि सहकारी वा त्यस्ता कृषक समुह मिलेर बनेको समितिलाई जग्गा तथा भौतिक सम्पति करार गरि उपलब्ध गराउन सक्नेछ ।



कानुनपत्र

२९. जग्गा तथा भौतिक साधन माग गर्न सक्ने (१) कुनै कृषक वा कृषि व्यवसायीले व्यवसायिक रुपमा कृषि सम्बन्धि कार्य गर्नको लागि प्रचलित कानुनको प्रतिकुल नहुने गरि करार बमोजिम जग्गा तथा भौतिक साधन प्राप्त गर्न दफा २८ बमोजिमको व्यक्ति वा निकाय संग माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जग्गा तथा भौतिक साधन माग भई आएमा निश्चित अवधि तोकी प्रचलित कानुन बमोजिम सम्बन्धित निकायले जग्गा तथा भौतिक साधन उपलब्ध गराउन सक्नेछ ।

(३) जग्गा तथा भौतिक साधन उपलब्ध गराउदा करारका माध्यमबाट उपलब्ध गराउन सकिनेछ।

तर नगर कार्यपालिकाले आवश्यकता अनुसार अन्य व्यवस्था समेत गर्न सक्नेछ ।

(४) खेति नगरी लगातार २ बर्ष सम्म बाझो रहेको कृषि योग्य जमिन परिच्छेद ६ को दफा १७ बमोजिम गठित समितिले नेपाल सरकारले तोकिए बमोजिम कृषि प्रयोजनको लागि प्रयोगमा ल्याउन सक्नेछ ।

३०. स्वामित्व हस्तान्तरण नहुने (१) यस ऐनको दफा २९ बमोजिम कुनै जग्गा वा भौतिक साधन उपलब्ध गराएको खण्डमा करार गरेको वा लिजमा लिएको कारणले मात्र जग्गा वा भौतिक साधनमा करारको पक्षको स्वामित्व हस्तान्तरण हुनेछैन ।

३१. पुनस् करार गर्न नहुने (१) यस ऐन बमोजिम करार गर्ने पक्षले दोस्रो पक्षको सहमति नलिई सोहि बिषयमा तेस्रो पक्षसंग पुन करार गर्न पाउने छैन ।

३२. व्यवसायिक करारका बिषय बस्तुहरु(१) परिच्छेद २ को दफा ४ को उपदफा (२) साथै खेति गर्ने जमिन, कृषि औजार, साधन, खेतीको लागि प्रयोग गरिने घर, गोठ, खेतीमा प्रयोग गरिने ढुवानीका साधन, ट्र्याक्टर तथा अन्य कृषि औजारहरु मानिनेछ ।

(२) यस ऐनको प्रतिकुल नहुने गरि पक्षहरुको सहमतिमा उपदफा (१) उल्लेखित बिषय बाहेक अन्य उपयुक्त बिषयबस्तुहरु समेत व्यवसायिक कृषि करारमा समावेश गर्न सकिनेछ ।

३३.व्यवसायिक कृषि करारका पक्षहरुको दायित्व (१) यस ऐनको दफा २८ वा २९ बमोजिम कृषि व्यवसाय संचालन गर्न लिएको जग्गा तथा भौतिक साधनमा पक्षहरुको दायित्व यस ऐनमा उल्लेख भएको अतिरिक्त अन्य दायित्व करारमा तोकिए बमोजिम हुनेछ।

(२) कृषि बस्तुको परिमाण वा छेत्र तोकी गरिने व्यवसायमा पक्षहरुको दायित्व पक्षहरु बीच करार भएकोमा यस ऐनमा उल्लेख भएको अतिरिक्त अन्य कुराहरु करारमा उल्लेख भएबमोजिम हुनेछ।

(३) व्यवसायिक कृषि करार गर्ने पक्षहरुले कृषि करार प्रयोजनको लागि कृषि उत्पादन सामग्री, प्रबिधि र ऋण वा अन्य सहायता आफै वा वित्तीय संस्थाहरु मार्फत तोकिएको सर्तहरुको आधारमा उपलब्ध गराउने गरि आ(आफ्नो दायित्व निर्धारण गर्न सक्नेछन ।

(४) व्यवसायिक कृषि करार गर्ने पक्षहरुले प्रचलित कानुनको प्रतिकुल नहुने गरि कार्य गर्नुपर्नेछ ।

(५) करार बमोजिम कुनै एक पक्षले अर्को पक्षलाई कुनै मालसामान दिने वा बुझाउने स्थान, मिति र समय तोकिएको रहेछ भने सोहि स्थान, मिति र समयमा बुझाउनु पर्नेछ ।

(६) करार बमोजिम काम गर्ने कुनै निश्चित स्थान नतोकिएको तर सो काम कुनै खास स्थानमा मात्र गर्न सकिने वा चलन व्यवहार वा सो कामको प्रकृति अनुसार कुनै खास स्थानमा मात्र गर्नु पर्ने किसिमको रहेछ भने सो काम सोहि स्थानमा गर्ने गरि करार भएको मानिनेछ ।

३४. करार दर्ता गर्नु पर्ने (१) यस ऐन अन्तर्गत सम्पन्न गरिएका कराररहरु सम्झौता भएको मितिले पैतिस (३५) दिन भित्र कनकाई नगरपालिकाको कृषि शाखामा दर्ता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम करार दर्ता गर्दा रू २००।- दस्तुर लाग्नेछ ।

(३) यस दफा बमोजिम दर्ता नगरिएको करारले नेपाल सरकार वा नगरपालिका वा अन्य निकायले दिने सुबिधा वा सहुलियत दिने प्रयोजनको लागि मान्यता प्राप्त गर्नेछैन ।

कनकाई नगरपालिका

(४) करार दर्ता गर्दा करार गर्ने दुवै पक्ष वा उनीहरुको आधिकारिक प्रतिनिधि दर्ता गर्दा ताका उपस्थित हुनु पर्नेछ ।

३५. करार पुरा गर्नु नपर्ने अवस्था (१) देहायको अवस्थामा करार बमोजिम काम गर्न आवस्यक पर्ने छैन ।

(क) करारको एक पक्षले अर्को पक्षलाई करार करार बमोजिमको दायित्व आधिकारिक हुने गरि पुरा गर्नु नपर्ने गरि छुट दिएमा ,

(ख) बदर गराउन सकिने करार बदर गराउन पाउने पक्षले बदर गराएमा,

(ग) यस ऐनको कुनै व्यवस्था बमोजिम करार बमोजिमको काम गर्नु नपर्ने भएमा,

(घ) करार गर्दाको परिस्थितिमा आधारभूत परिवर्तन भई करारको परिपालना गर्न सम्भव नभएमा,

## परिच्छेद ११
## खेति योग्य जमिनको घोषणा

३६. खेति योग्य जमिनको घोषणा (१) देहाय बमोजिमको अवस्थामा खेति योग्य जमिनको स्वघोषणा लागु हुनेछ।

९क० घर घडेरी प्रयोजनले प्रयोग नहुने गरि कृषकले आफ्नो जमिनलाई खेति योग्य घोषणा गरेमा,

(ख) कनकाई नगरपालिकाको कार्यपालिकाले विज्ञको राय सुझाव अनुसार घोषणा गरेमा,

(ग) घर घडेरी प्रयोजनले आवस्यक पर्ने जमिन तोकिएको क्षेत्रफल कृषकले बचत गरि खेति योग्य जमिन स्व घोषणा गर्न सक्नेछन ।

(२) यस उपदफा (१) बमोजिम खेति योग्य जमिनको स्वघोषणा गरिएको वा नगर कार्यपालिकाले खेति योग्य क्षेत्र घोषणा गरेकोमा नेपाल सरकार र नगरपालिका मातहत संचालित कृषि कार्यक्रमहरुको हकमा दफा ४ बमोजिम नगरपालिकाले उपलब्ध गराउने सुबिधा प्राप्त गर्न वा अनुदान प्राप्त गर्न प्राथमिकतामा पर्नेछन।

(३) दफा १ र २ को हकमा समय समयमा कार्यपालिकाले थप नीति तथा व्यवस्थापन कृयाकलापहरु तय गर्नसक्नेछ ।

## परिच्छेद १२
## विविध

३७. कृषि बिमा सम्बन्धि व्यवस्था (१) कनकाई नगरपालिकाले कृषि तथा पशुपन्छी र माछा पालन व्यवसाय संचालन गर्ने व्यवसायीको बिमा समितिले तोकेको मापदण्ड पुरा गरेर नेपाल सरकारले उपलब्ध गराएको सुबिधामा कार्यपालिकाले निर्णय गरे बमोजिम थप सुबिधा उपलब्ध गराउन सक्नेछ ।

३८. उत्पादन नियन्त्रण प्रणाली (१) कृषकको तथ्यांक व्यवस्थापन, किसान परिचय पत्र वितरण, व्यवसायिक उत्पादन व्यवस्था तथा कृषि लाइब्रेरीको व्यवस्थापन कार्यपालिकाले निर्णय गरे बमोजिम संचालन हुन सक्नेछ, यस प्रकारका प्रयोजनका निमित्त कुनै शुल्क लिनु पर्ने भएमा कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

३९. बौद्धिक सम्पतिको संरक्षण गर्नु पर्ने (१) यस ऐन बमोजिम कृषि व्यवसायको प्रबर्दन तथा बिकास गर्दा वा व्यवसायिक कृषि करार गर्दा बौद्धिक सम्पति, भौगोलिक परिचय तथा कृषक अधिकार समेतको संरक्षण हुने गरि गर्नुपर्दछ ।

४०. बिउ बिजन सम्बन्धि व्यवस्थास् (१) यस ऐन बमोजिम कनकाई नगरपालिकाले बिउरबिजन प्रबर्द्दन, व्यवसायीलाई सुबिधा तथा कृषक वा उपभोक्ता घरधुरीलाई सुबिधा र अनुदान उपलब्ध गराउन सक्नेछ ।

४१. बिषादी बिक्रि वितरण सम्बन्धि व्यवस्था (१) यस ऐन अन्तर्गत कनकाई नगरपालिकाले आकस्मिक रोग निवारण सेवा बाहेकको अवस्थामा रशायानिक बिषादी प्रबर्दन गर्ने छैन। स्थानीय बजारमा रशायानिक बिषादीको बिक्रि वितरण नियमन गर्नु पर्ने छ, जैविक तथा प्रांगारिक बिषादी तथा अन्य आवस्यक पोशाक तत्वका निमित्त कृषक घरधुरीमा सहुलियत उपलब्ध गराउन सक्नेछ।

४२. ऐन संशोधन:(१) यस ऐन आवश्यकता अनुसार कनकाई नगरसभाले संशोधन गर्न सक्नेछ ।



कनकाईनगर

४३. नियम बनाउन सक्ने (१) यस ऐनका उद्देश्य कार्यान्वयन गर्न कार्यपालिकाले आवस्यक नियम, निर्देशिका वा कार्यविधि बनाउन सक्नेछ।

४४. विवादको समाधानः (१) यस ऐनको बमोजिम कुनै विवाद उत्पन्न भएमा त्यस्तो विवादको समाधान गर्ने अधिकार नगर कार्यपालिकालाई हुनेछ ।

४५. दण्ड जरिवाना (१) यस ऐन बमोजिमको कार्य गर्दा वा यस ऐन विपरित कार्य गरी कसैले कुनै प्रकारको क्षति पुर्याएमा वा क्षति पुर्याउने मनसायले कुनै कार्य गरेमा नगर कार्यपालिकाले क्षतिको प्रकार मुल्यांकन गरि क्षति पुर्याउने पक्षलाई क्षतिको भर्पाइ गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दण्ड जरिवाना भोग्नु पर्ने पक्षको चित्त नबुझेमा ३५ दिन भित्र जिल्ला अदालतमा पुनराबेदन दिन सक्नेछन।

४६. प्रचलित कानुन बमोजिम हुने (१) यस ऐनमा लेखिएका बिषयमा यसै ऐन बमोजिम र अन्य बिषयमा प्रचलित कानुन बमोजिम हुनेछ ।

४७. बचाऊ (१) यस ऐनको उद्देस्य तथा बिषय छेत्रमा प्रचलित नेपालको कानुन बमोजिम यस अघि भएका कार्यहरु यसै ऐन बमोजिम भएको मानिनेछ ।

(२) यस ऐनमा भएको कुनै व्यवस्था प्रचलित संघिय तथा प्रदेश कानुनसँग बाझिन गएमा बाझिएको हद सम्म अमान्य हुनेछ।

आज्ञाले
मोहनप्रसाद न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

कानूनी कागजपत्र